## *“बाल विवाह र प्रजनन स्वास्थ्यमा उमेरको भूमिका: कानूनी र सामाजिक अभ्यास”*

विषयक छलफल कार्यक्रमको प्रतिवेदन।

### दोस्रो कार्यक्रम

स्थान :- नेपाल बार एशोसिएशन सधाकक्ष रामशाहपथ काठमाडौं ।

मिती :- २०८२/०१/१९

आयोजक :- सर्वोच्च अदालत बार एशोसिएशन, कानून व्यवसायी महिला समिति।

कार्यक्रम प्रस्तोता :- डा.अरुण उप्रेतीज्यू, तथा अधिवक्ता श्री सविन श्रेष्ठज्यू

कार्यक्रमको अध्यक्षता :- सर्वोच्च अदालत बार एशोसियशन, कानून व्यवसायी महिला समितिका पदेन अध्यक्ष पुनदेवी महर्जन ज्यू।

कार्यक्रम संचालन :- सर्वोच्च अदालत बार एशोसियशन, कानून व्यवसायी महिला समितिका सदस्य सचिव शशी बस्नेत ज्यू।

स्वागत मन्तव्य :- सर्वोच्च अदालत बार एशोसियशन, कानून व्यवसायी महिला समितिका सदस्य सुधा धितालज्यू।

कार्यक्रमको विषयमाथि प्रकाश :-पदेन अध्यक्ष अधिवक्ता श्री पुन्देवी महर्जन सुजनाज्यू

समापन मन्तव्य :- सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेलज्यू

**प्रस्तोता डा.अरुणा उप्रेती ज्यू तथा अधिवक्ता सविन श्रेष्ठको पेश गर्नु भएको कार्यपत्र माथि छलफल गरी आएको निचोड:-**

(क) विवाह एक छुट्टै महत्वपूर्ण सामाजिक संस्था हो । विवाहले दुई व्यक्तिलाई मात्र छोड्दैन, यसले समाज, परिवार, धर्म र संस्कृतिलाई समेत छोड्दछ । यसको इतिहास यकिन नभएपनि विश्व सभ्यता सँगसंगै यो एक मौलिक तथा सार्वभौमिक सामाजिक संस्थाको रूपमा स्थापित भएको छ ।

(ख) विवाह गर्नको लागि शारीरिक र मानसिक परिपक्वता हुन आवश्यक छ । यस सन्दर्भमा हाम्रो मुलुकी ऐन, २०२० को २०७२ सालमा भए शंसोधनले विवाहको उमेर हद २० वर्ष कायम गरेको थियो । हालको मुलुकी देवानी र अपराध संहिताले

विवाहको उमेर हद २० वर्षलाई निरन्तरता दियो । यसरी विवाह लागि उमेर हद हेर्दा विभिन्न कालखण्डमा यो हद बढ्दै गएको छ न कि घटेको देखिन्छ ।

(ग) विवाह योग्य उमेर २० वर्ष हुनु भनेको मातृमृत्यु दरमा कमि आउनु, घरेलुहिंसा कम हुनु, स्वास्थ्य र शिक्षाको स्तरोन्नति हुनु मात्र नभई विशेष गरी उमेर संगै महिलाहरूमा आउने परिपक्वताले उसको सोच, व्यवहार र जीवनशैलीमा ठूलो योगदान पुऱ्याएको हुन्छ ।

(घ) जवरजस्ती करणी, अपहरण, शरीरबन्धक जस्ता अपराधिक घटनाहरू बढ्न गएको कारणले विवाहको उमेर घटाउन परेको भन्ने अनुमानको आधारमा घटाउन लागिएको देखिन्छ । तर विवाहको उमेर घटाउँदैमा यी अपराधहरू घट्छन भन्नु हस्यास्पद कुराहरू हुन । किनभने विवाह गर्ने उमेरसँग यी अपराधहरूलाई जोडेर हेर्नु मूर्खतापूर्ण सोच हो । यदि यस्ता अपराधहरूमा विवाह जोडेर आउँदा प्रहरीले यसमा विशेष सावधानीपूर्वक गहन तथा मनोबैज्ञानिक ढंगले घटना विशेषका आधारमा फरक फरक दृष्टिकोण राखेर अनुसन्धान गर्नुपर्छ ।

(ङ) बाल विवाह, बहुविवाहलाई दण्डनिय बनाउँदा र गर्भपतनलाई कानूनी मान्यता दिंदा पनि विभिन्न खालका नकरात्मक कुराहरूले प्रशय नपाएका होइनन् । तर पछि परिणामहरू निस्कदै जाँदा यी कुराहरू सबै दृष्टिकोणबाट कति न्यायोचित थियो भन्ने कुरा देखिएको छ । यस्तै विवाहको उमेर नघटाउने हो भने सुधार गृह र जेल भरिनसक्छ भन्ने तर्क पितृसत्तात्मक सोचको उपच हो ।

(च) शैक्षिक स्तर, चेतना, गरिवी, बेरोजगारी, अन्धविश्वास आदिको कारणले धेरै जसो अपराधहरू हुने गरेको तथ्याङ्क देखिन्छ साथै कम उमेरमा विवाह गर्ने कारण पनि यो एक हो । समस्या कहाँ छ, त्यहाँ बढि ध्यान केन्द्रित गर्नुपर्छ । यस्ता दिर्घकालीन समस्याहरूको समाधानको लागि दिर्घकालीन योजनाहरू बनाई परिवार, समाज र राष्ट्रको फरक फरक जिम्मेवारी, भूमिका र दायित्वको बोध गराउनुपर्छ ।

(छ) व्यक्तिको शरीरको बनोट, आकार प्रकार हेरेर विवाहको उमेर निर्धारण गर्नु हुदैन भन्ने कुरा सर्वमान्य कुरा हो । विवाह योग्य उमेर हुनको लागि शरीरका सम्पूर्ण जनेन्द्रियको र मानसिक विकास हुन जरूरी छ । यसको लागि २० देखि २५ वर्षको उमेरलाई विवाह गर्न योग्य भनी धार्मिक, पारिवारीक, सामाजिक, स्वास्थ्य र बैज्ञानिक दृष्टिकोणबाट पनि पुष्टि भएको छ ।

(ज) २० वर्ष सम्मको उमेर भनेको अध्ययन गर्ने, सिप र क्षमता बृद्धि गर्ने, बौद्धिक प्राविधिक ज्ञान हासिल गर्ने उमेर हो । यो उमेरलाई उर्जाशित र वृद्धिविकास गर्नमा भरपूर सदुपयोग गर्नमा विशेष जोड दिनुपर्ने ।

(झ) पारिवारीक, सामाजिक, आर्थिक, सास्कृतिक, स्वास्थ्यको दृष्टिकोणबाट हेर्दा विवाह गर्न कम्तिमा २० वर्ष पुग्नुपर्ने हाम्रो धार्मिक ग्रन्थहरूमा मात्र नभई विभिन्न अध्ययन, अनुसन्धान, खोजमूलक विचारहरूबाट पनि पुष्टि भइसकेको छ । यति मात्र नभई हाम्रो ग्रामिण भेगका विभिन्न समुदाय, दलित र पिछडिएका वर्गहरूको सामाजिक, आर्थिक, पारिवारीक पृष्टभूमि र स्वास्थ्य अवस्थाले पनि पुष्टि गर्दछ ।

(ञ) समग्रमा छलफलबाट निस्किएको निचोड विवाह जस्तो संवेदनशील र पुरै जीवन प्रभावित गर्ने निर्णय लिने उमेर अपरिपक्व हुनुहुँदैन । अपरिपक्वताले विभिन्न समस्याहरू आउँछ । तसर्थ, हाल मुलुकी अपराध संहिताको दफा १७३ मा उल्लेखित विवाह गर्न योग्य उमेर २० वर्ष हुने प्रावधान सबै दृष्टिकोणबाट सर्वोउत्कृट रहेको छ ।